कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
दैलेख नेपाल

प.स. ०८२।०८३
च.न. :-

मिति २०८२।१०।२७

**बिषय : मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम संचालन सम्बन्धी सूचना ।**
प्रथम पटक प्रकाशित मिति २०८२।१०।२८

कर्णाली प्रदेश सरकारले गरिव, बेरोजगार तथा बिपन्न दलितको परम्परागत पेशा वा ब्यवसायलाई आधुनिकीकरण गर्दै आयआर्जन क्षमता बिकास गर्न देहाएका कार्यक्रम संचालन गर्न लागेको हुँदा यस कार्यक्रममा सहभागी हुन चाहने दैलेख जिल्ला भित्रका इच्छुक दलित, दलित समुदाय तथा दलितलाई बित्तीय पहुँच सेवा दिन इच्छुक सहकारी संस्थाले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५(पन्ध) दिन भित्र देहाय बमोजिमका कागजात संलग्न राखी उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखमा आबेदन दिनु हुन मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम संचालन नियमावली , २०८० को नियम ८ को उपनियम (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

शंकर बहादुर थापा
कार्यालय प्रमुख

तपशिल

| क.स. | कार्यक्रमको नाम | आवश्यक लाभग्राही सख्या |
|---|---|---|
| १ | सिप बिकास तालिम कार्यक्रम | १. नारायण नगरपालीकामा सिलाई मेशिन मर्मत तालिम – १२ जना<br>२. आठविस नगरपालीकामा क्रिष्टलका गहना बनाउने तालिम – १२ जना<br>३.दुल्लु नगरपालीकामा गमला तथा माटोका भाडा बनाउने तालिम – १२ जना<br>४. महाँवु गाँउपालीकामा चप्पल बनाउने तालिम – १२ जना<br>५. भगवतीमाई गाँउपालीकामा फुर्निचर तालिम – १२ जना<br>**नोट : जम्मा – ६० जनाको लागी मात्र ।** |
| १ | सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रम | प्राप्त आवेदनको आधारमा सख्या तोकिने । |
| २ | बित्तिय पहुँच सहयोग कार्यक्रम | प्राप्त आवेदनको आधारमा सख्या तोकिने । |

आबश्यक कागजातहरु :

१ सिप बिकास तालिम कार्यक्रमको लागी आवश्यक कागजातहरु :

क ) नेपाली नागरीकताको प्रतिलिपी वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी ।
ख ) सम्बन्धीत निर्वाचन क्षेत्र भित्र कम्तिमा ६ महिना अगाडी देखी बसोबास गरेको , समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको ,बिपन्न नागरीक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको व्यहोराको स्थानिय तहको सिफारिस ।
ग ) नियमावलीको अनुसुचि ३ बमोजिमको आवेदन
घ ) सिप बिकास तालिम कार्यक्रमका लागि परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण र तालिम पछि आयआर्जन व्यवसायमा संलग्न हुने कबुलितनामा ।

नोट : माथि उल्लेखीत सिप बिकास तालिम सम्बन्धीत स्थानिय तहमा नै संचालन गरीनेछ ।

२. सामाग्री तथा पूर्वाधार सहयोग कार्यक्रमका लागि पेश गर्नु पर्ने आवश्यक कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी वा राष्ट्रीय परिचय पत्रको प्रतिलिपि ।
ख) सम्बन्धित निर्वाचन क्षेत्र भित्र कम्तीमा ६ महिना अगाडी देखि बसोवास गरेको ,समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको ,बिपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको भए सो व्यहोराको स्थानीय तहको सिफारिस पत्र ।
ग) नियामावलीको अनुसचि १ बमोजिमको व्यवसायिक योजना ,लागत साझेदारी प्रस्ताव , व्यवसाय दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
घ) नियमावलीको अनुसुचि ३ बमोजिमको आवेदन ।
ड) पेशा व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक मेशिन उपकरण वा पूर्वाधार निमार्णको व्यवसायिक प्रस्ताव ।
च) दलितलाई संगठित गरी सामुहिक रुपमा उत्पादन तथा आयआर्जनका क्रियाकलाप व्यवस्थित रुपमा संचालन गर्न आवश्यक पूर्वाधार निर्माण सम्बन्धि आयोजना प्रस्ताव ।
छ) सिप अभिबृद्धि तालिम प्राप्त गरी रोजगारीमा आवद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापनाका लागी आयोजना प्रस्ताव ।
ज) लाभग्राहीलाई संगठित गरी सामुहिक स्तरमा आयआर्जनका क्रियाकलाप संचालन गर्न सहयोग पुग्ने सहकारी ,साझेदारी उद्योग वा व्यवसाय सम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताव ।
झ) समुहगत लाभग्राहीको हकमा प्रत्येक समुहमा फरक फरक घरपरिवारका कम्तीमा १५ जना लाभग्राही समेटीएको समुहको निर्णको प्रतिलिपि र सदस्यको नामावली ।
ञ) पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता ।

कार्यालय प्रमुख

३ .बित्तिय पहुँच सहयोग कार्यक्रमका लागी सहकारीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु :

क) सहकारी संस्थाको संस्था दर्ता प्रमाण पत्र , बिनियम,पछिल्लो लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

ख) नियमावलीको अनुसुचि १ बमोजिमको ब्यवसायिक योजना र अनुसुचि ४ बमोजिको प्रतिवद्धता प्रत्र ।

ग) सहकारी संस्थाको साधारण सभा वा संचालक समिति बाट बिउ पुंजी रकम प्राप्त गरी आयआर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने ब्यहोराको निर्णयको प्रतिलिपि ।

घ) सहकारी संस्थाको कार्यक्षेत्र, बित्तिय क्षमता ,सेयर सदस्य संख्या र संगठनात्मक संचनाको बिवरण खुलेको कागजात ।

ङ) पेशा वा ब्यवसायलाई निरन्तरता गर्ने प्रतिबद्धता पत्र ।

४ बित्तिय पहुँच सहयोग कार्यक्रमका लागि फर्म,समुह समुदाय र ब्यक्तिले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

ख) अनुसुचि ३ अनुसारको आवेदन ।

ग) नियमावलीको अनुसचि १ बमोजिमको ब्यवसायिक योजना लागत साझेदारी प्रस्ताब, सम्वन्धित पेशा ब्यवसायको तालिम लिएको प्रमाण प्रत्र, ब्यवसाय दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण प्रत्रको प्रतिलिपी ।

घ) पेशा ब्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक मेशिन उपकरण वा पुर्वाधार निर्माणको ब्यवसायिक प्रस्ताव ।

ङ) समुहगत लाभग्राहीको हकमा प्रत्येक समुहमा फरक फरक घरपरिवारका कम्तिमा १५ जना लाभग्राही समेटीएको समुहको निर्णयको प्रतिलिपी र सदस्यको नामावली ।

च) पेशा वा ब्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिवद्धता ।

नोट : आवेदन फारम कार्यालय बाट निशुल्क प्राप्त गर्न सकिने छ साथै कार्यालयको वेवसाइड बाट पनि डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागी

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखका निम्न सम्पर्क नम्बरहरुमा सम्पर्क गर्न सकिनेछ ।

कार्यालयको नम्बर – ०८९-४२०१३६ कार्यालय प्रमुख – ९८५८०३०१३६

सुचना अधिकारी – ९८५८०८०१३६

प्रशासन शाखा – ९८४८०६९८९३ ( प्रेम बहादुर बिष्ट )

इमेल ठेगाना – **csidbdailekh1@gmail.com**

**web - dailekh.oicp.gov.np** : उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेख

कार्यालय प्रमुख
शंकर बहादुर थापा